# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

शिक्षा एक गतिशील प्रक्रिया हो । यो मानिसको जन्मदेखि मृत्युपर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रक्रिया हो । यसले समाजको विकासको लागि आवश्यक, जनशक्ति तयार पार्दछ । मानिसको आधारभूत आवश्यकताको रुपमा गास, वास, कपास, शिक्षा, स्वास्थ्य र शुरक्षा पर्दछन् भनेर संयुक्त राष्ट्रसघंले स्वीकार गरेको छ । त्यसमा पनि सबै पक्षको विकास र विस्तार गर्न शिक्षाको नै आवश्यकता पर्दछ । शिक्षा जीवन ज्योती हो, सभ्यता र संस्कृतिको जननी हो, (शर्म, २०६१) शिक्षा नभएको मानव पशुसरह हुन्छ । मानिसलाई व्यक्तिगत र सामुहिक रुपमा सक्षम बनाउन उचीत शिक्षा, दिनु पर्दछ । आत्मिक, मानसिक, शारीरिक, आध्यात्मिक, बैयक्तिक एवम् सामाजिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानविय कृयाकलापको उन्नतीको मुहान नै शिक्षा हो । प्रत्येक व्यक्ति समाज र राष्ट्रको सर्वाङ्गगीण विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ ।

पाठ्यक्रम एउटा यस्तो दिशानिर्देश प्रदान गर्ने शैक्षिक कार्यक्रम हो, जसको कारणले विद्यार्थीहरुमा निश्चित सिकाइ उपलब्धिहरु हासिल गराउन मद्दत पुग्ने गर्दछ । पाठ्यक्रम शिक्षाको लक्ष्य पूरा गर्ने एउटा साधन हो । विद्यालयको भित्र तथा बाहिर कक्षा शिक्षण तथा सम्बन्धित कार्यक्रमबाट पुरा गर्ने योजनाबद्ध प्रयासलाई पाठ्यक्रम भनिन्छ । जसमा लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत र मूल्यांकनका साधनलाई बुझिन्छ, ( वाग्ले र ढकाल २०५४) । पाठ्यक्रम भनेको कुनै पनि औपचारिक शिक्षा आर्जनका लागि बालबालिकाको रुचि, अवस्था, उमेर तहलाई आधार मानेर उनीहरुले कति सीप हासिल गर्न सक्दछन् भन्ने कुराको आँकलन गरी निश्चित सीप हासिल गराउनका लागि तयार गरिएको योजना भन्ने बुझिन्छ । पाठ्यक्रमले शिक्षकलाई के कसरी अध्यापन गराउन आवश्यक छ भन्ने कुराको मार्गदर्शन प्रदान गरेको हुन्छ । विद्यालयमा विविध पाठ्य पुस्तक तथा सन्दर्भ पुस्तक प्रयोग गर्ने गरेको पाइन्छ । जे

जस्ता पुस्तकहरुलाई आधार बनाए पनि पाठ्यक्रमलाई आधार बनाएर अध्यापन गर्नु आवश्यक रहन्छ । पाठ्यक्रमलाई के कसरी कार्यान्वयनमा ल्याउने भन्ने भूमिका प्र.अ.को नै हुने गर्दछ, ।

राष्ट्रिय पाठ्यक्रम २०६३का अनुसार माध्यमिक शिक्षाका उद्देश्यहरु निम्न लिखित छन् । जुन तल दिइएको छ ।

- देशको बहुसाँस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यता प्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्ने ।
- राष्ट्रविकासको लागि सक्षम आत्मनिर्भर, सीपमूलक र तालिमप्राप्त मानव स्रोत उत्पादन गर्ने ।
- दैनिक जीवनमा आइपर्ने समस्या समाधानका लागि उपयुक्त ज्ञान तथा सीपको विकास गर्ने ।
- प्राविधिक र व्यवसायिक सीप विकास गर्नु र श्रमप्रति सम्मान गर्न सिकाउने ।
- मानव अधिकार, सामाजिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सो अनुसार अभ्यास गर्ने ।
- सामाजिक कुरीतिहरुप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्ने ।

पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो संगठित रुप हो जसमा विद्यालय भित्र र विद्यालय भित्र र विद्यालय बाहिरका समेत क्रियाकलापहरु समावेश भएका हुन्छन् । पाठ्यक्रम भित्र विद्यार्थी, शिक्षक र समाजका इच्छा चाहनाहरु समावेश भएका हुन्छन् । पाठ्यक्रमले के, कसरी र कहिले शिक्षा प्राप्त गर्ने भनी निर्देशन गर्दछ । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, उद्देश्य पुरा

गर्ने पाठ्यांश, पाठ्यांश मिल्दो अध्ययन विधि, शैक्षिक क्रियाकलाप, शैक्षिक सामाग्री र मूल्याङ्कन विधिहरु समेत विस्तृत रुपमा उल्लेख गरिएको हुन्छ । पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरुको मेरुदण्ड हो, (शर्मा एण्ड शर्मा २०६४:६) ।

विभिन्न शिक्षाविद्हरुले पाठ्यक्रमलाई विभिन्न तवरले परिभाषित गर्दै आएको पाइन्छ । पाठ्यक्रम सिकाइको योजना हो । (Hilda Taba)विद्यालयबाट विद्यार्थीको शैक्षिक लक्ष्य प्राप्तिको लागि विभिन्न शिक्षाविदको पाठ्यक्रमलाई विविध तरिकाले परिभाषित गरेका छन् । पाठ्यक्रम सिकाइको योजना हो । राल्फ टाइलरका  अनुसार विद्यालयबाट विद्यार्थीको शैक्षिक लक्ष्य प्राप्तिको लागि योजना तथा निर्देशन गर्ने सबै सिकाइलाई पाठ्यक्रम भनिन्छ ।

अपेक्षित उपलब्धि हासिल गर्न विद्यालयले विद्यालयभित्र र बाहिर गर्ने सम्पूर्ण प्रयास नै पाठ्यक्रम  हो । पाठ्यक्रमलाई वास्तविक कक्षाकोठामा लैजाने प्रक्रिया भनेर बुझिन्छ, (निउरे, २०६८) । कागजी रुपमा तयार गरिएको दस्तावेजलाई व्यहारिक रुपमा लागु गर्नु नै पाठ्यक्रमको कार्यान्वयन हो । पाठ्यक्रमको कार्यान्वयन गर्ने थलो विद्यालयको कक्षाकोठा हो । जतिसुकै राम्रो उपयुक्त सान्दर्भिक भए पनि यसलार्य कार्यान्वयनमा ल्याउन  सकिएन भने पाठ्यक्रम निर्माणको कुनै महत्व हुँदैन । एउटा पाठ्यक्रम त्यस अवस्थामा वास्तविक पाठ्यक्रम बन्छ जब त्यसलाई कक्षाकोठाको वातावरणमा विद्यार्थीको माझ लागु गर्ने गर्दछ । विशेष योग्यता, दक्षता, क्षमताको प्रयोगले तयार गरिएको विभिन्न विषयका पाठ्यक्रमलाई व्यवस्थित ढंगले कक्षाकोठाको वावतावरणमा लागू गराउनु नै पाठ्यक्रम कार्यान्वयनको मूल मर्मका रुपमा लिन सकिन्छ । प्रत्येक समाज तथा राष्टले आ आफ्नो देशको धार्मिक, सांस्कृतिक, आर्थिक सामाजिक अवस्थाको  आधारमा पाठ्यक्रम तयार गर्ने गर्दछन् । यसरी लिखित रुपमा तयार गरिएको पाठ्यक्रमलाई कक्षाकोठाको वातावरणमा रुपमान्तरण गर्नुलाई पाठ्यक्रम कार्यान्वयन भनिन्छ । पाठ्यक्रम कार्यान्वयन नै पाठ्यक्रम दस्तावेजको मूर्त रुपमका रुपमा लिन सकिन्छ । पाठ्यक्रमको कार्यान्वयन प्रक्रियाले नै पाठ्यक्रमको सुनिश्चितता गर्दछ ।

नेपालजस्तो कार्यान्वयन गर्ने मूल थलो भनेको विद्यालय । विद्यालयमा पाठ्यक्रम कार्यान्वयन प्रभावकारी ढंगबाट कार्यान्वयन गराउने जिम्मेवारी प्र.अ.कोनै रहेको हुन्छ । शिक्षकको ज्ञान, सीप, जाँगर, योग्यताका साथै विद्यालय प्रशासन तथा विद्यालयको फरक फरक रुचि, क्षमता, वातावरण, संस्कृति, धर्म जातजातिका विद्यार्थी हुन्छन् जुनसुकै परिवेशका विद्यार्थीलाई निश्चित सिकाइ ज्ञान सीपहरु उपलब्ध गराउन प्र.अ.ले पर्यत्न गरेका हुन्छन् । प्र.अ.ले पाठ्यक्रम कार्यान्वयनको विभिन्न पक्षमा गर्ने प्रयत्न वा अभ्यासले शैक्षिक गुणस्तरमा समेत उत्तीकै मात्रामा प्रभावकारी भूमिका निर्वह गरेको हुन्छ । कुन विद्यालयको शैक्षिक गुणस्तर के कस्तो रहेको छ भन्नु कुराको कसी पाठ्यक्रम कार्यान्वयनका विभिन्न पक्षहरुमा विद्यालय प्र.अ. को प्रयास के कस्तो छ भन्ने कुराबाट निर्धारण हुन्छ । पाठ्यक्रम कार्यान्वयनलाई शैक्षिक गुणस्तरको मापदण्डका आधारमा पनि हेर्ने गरिन्छ । यदि विद्यालयमा प्र.अ.ले पाठ्यक्रमलाई पूर्णरुपमा कार्यन्वयन गर्न नसकेको खण्डमा जतिसुकै प्रभावकारी पाठ्यक्रम तय भए पनि त्यसको कुनै औचित्य रहँदैन यिनै कुराहरुलार्य दृष्टिगत माध्यमिक तहको पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.को भूमिका नामक शीर्षकमा प्रस्तुत शोध प्रस्तावना तयार गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षाका राष्टिय उद्देश्यहरु परिपूर्ति गर्न शिक्षाको तहगत उद्देश्यहरु निर्माण गरिन्छ। उक्त उद्देश्य प्राप्तिाका लागि कक्षागत तथा विषयगत उद्देश्य निर्माण गरिन्छ । ती उद्देश्य प्राप्तिको लागि पाठ्यक्रम निर्माण गरिन्छ । यसरी निर्माण गरिएको पाठ्यक्रम कार्यावन्यवन गर्ने प्रमुख जिम्मेवारी भनेको नै प्र.अ.मा रहेको हुन्छ । प्र.अ.ले पाठ्यक्रम कार्यान्वयनको क्षेत्रमा के कस्ता प्रयासहरु गरेका छन् ? यसको अवस्था वा स्तर के कस्तो छ ? कुन हदसम्म पाठ्यक्रम कार्यान्वयन भएको छ र कुन हदसम्म कार्यान्वयन हुन बाँकी छ ? यसबा लाििग प्र.अ.को भूमिका के कस्तो रहेको छ ? प्र.अ.ले गर्नसक्ने प्रयासहरु के के हुन सक्छन् ? यस दिशातर्फ खास कसैको पनि ध्यान

पुग्न सकेको छैन । पाठ्क्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्यालय प्र.अ.मा के कस्ता समस्याहरु रहेका छन् ? भन्नेजस्ता समस्याहरुलाई प्रस्तुत अध्ययनको समस्याका रुपमा लिएर शोधकार्य तयार गरिने छ ।

## १.३ अध्ययनको महत्व

कुनै पनि अध्ययन कार्यको आ आफ्नै औचित्य तथा महत्व रहेको हुन्छ नै । माध्यमिक तहमा विद्यार्थीको शैक्षिक अवस्था, पाठ्यक्रम कार्यन्वयनको अवस्था, पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुका बारेमा जानकारी प्राप्त गरी भोलिका दिनमा प्रभावकारी ढंगबाट पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि प्र.अ.ले के कस्तो भूमिका निर्वाह गर्नु आवश्यक रहन्छ, भन्ने कुरालाई लक्षित गरी प्रस्तुत अध्ययन कार्य तयार गरिएको छ । यस अध्ययनका औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छः

- विद्यालयमा पाठ्यक्रमको उचित रुपमा कार्यान्वयन गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने कुराको पहिचान गरी तिनीहरुको उचित तवरबाट हाल गर्नका लागि विद्यालय प्र.अ.लाई थप सहयोग प्राप्त हुने छ ।
- पाठ्यक्रममा देखिएका सबल तथा दुर्वल पक्षको आँकलन गरेर सम्बन्धित पक्षलाई सुझाव प्रस्तुत गर्नुका साथै पाठ्यक्रम कर्यान्वयन गर्न नसकिनुका समस्याहरु एवम् उचित तवरले कार्यान्वयन गर्नका लागि गर्नु पर्ने सुधार समेत यस अध्ययनमा प्रस्तुत गरिने भएको हुँदा भोलिका दिनमा के कसरी पाठ्यक्रमको कार्यान्वयन गर्न सकिन्छ भन्ने बारेमा सम्बन्धित सरोकारवाला तथा अनुसन्धानकर्तालाई थप सहयोग पुग्नेछ ।
- विद्यालय प्र.अ.ले कार्यान्वयन पक्षमा गरेका विभिन्न प्रयास, शिक्षकलाई गरेको प्रोत्साहन जस्ता विविध पक्षको बारेमा जानकारी प्राप्त गरी विद्यालयमा प्रभावकारी ढंगबाट पाठ्यक्रम कार्यान्वयनका लागि प्र.अ. तथा वि.नि.का लागि थप सहयोग पुग्ने छ ।

- यस शोधकार्य भोलिका दिनमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित भएर अध्ययन गर्न चाहने भावी अनुसन्धानकर्ताका लागि सन्दर्भ ग्रन्थका रुपमा प्रयोगमा आउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।
- माध्यमिक तहमा पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्र.अ.ले निर्वाह गर्दै आएको भूमिकाको विश्लेषण गर्नु ।
- माध्यमिक तहमा परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्दा देखिएका समस्याहरुको पहिचान गर्नु ।
- माध्यमिक तहको पाठ्यक्रम कार्यान्वयन गर्दा देखिएका समस्याहरुको निराकरणका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्न

यस अध्ययनका निम्न लिखित अनुसन्धान प्रश्नहरू राखिएका छन् ।

- माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनको अवस्था के कस्तो रहेको छ ?
- माध्यमिक तहमा पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्र.अ.ले कस्तो भूमिका निर्वाह गर्दै आएका छन् ?
- माध्यमिक तहमा परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्दा के के समस्याहरु देखिएका छन् ?
- माध्यमिक तहको पाठ्यक्रमलाई कार्यान्वयन गर्दा देखिएका समस्याहरुको निराकरण कसरी गर्न सकिन्छ ।

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको सीमित स्रोत साधन तथा निश्चित पाठ्यक्रमको आवश्यकता पूरा गर्नका लागि तयार पारिने  प्रस्तुत शोधकार्यलाई उद्देश्य अनुसार परिसीमित गरिएको छ । यस अध्ययनका परिसीमाहरुलाई बुँदागत रुपमा विश्लेषण गरिएको छ :

- प्रस्तुत अध्ययन कार्य माध्यमिक तहको परिवर्तित पाठ्यक्रम कार्यान्वयनमा प्र.अ.को भूमिकामा मात्र केन्द्रित रहने छ ।
- प्रस्तुत अध्ययन लमजुङ जिल्ला धमिली कुवा श्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २५ वटा विद्यालयहरु मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा शिशु विद्याश्रम मा.वि.,तिनपिप्ले, प्रगति मा.वि. विद्यालय, सिम्ले, शौभाग्योदय मा.वि. अल्काटार र वसन्तावती मा.वि विरौटा गरी जम्मा ४ वटा विद्यालयमा मात्र केन्द्रित रहने छ ।
- अध्ययनको उद्देश्य तथ्यांक संकलन गरी संकलित तथ्यांकलाई गुणात्मक ढाँचा अनुसार विश्लेषण गरिने भइको प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहने छ ।

# अध्याय:दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाँका

कुनै पनि विषयको अध्ययन गर्नु पूर्व त्यस विषयसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गर्नु भनेको अनुसन्धान कार्यलाई सहज वातावरण तयार गर्नु हो । त्यस्ता साहित्यहरुमा अनुसन्धान गर्न लागिएको विषयसँग मिल्दाजुल्दा प्रतिवेदनहरु पुस्तक, शोधपत्रहरु, अनुसन्धानात्मक लेखहरु पर्दछन् । यस शोधपत्रको शीर्षक माध्यमिक तहको पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.को भूमिका भएकोले यस अनुसन्धानलाई पूरा गर्न शीर्षकसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन निम्नअनुसार गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विद्यालयको तहगत र कक्षागत सिकाइका उपलब्धिहरु प्रँप्त गर्नका लागि विद्यार्थीहरुलाई विभिन्न प्रकारका अनुभवहरु हासिल गराउने शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो । यससम्बन्धी ज्ञानको धारणा बसाल्ने पाठ्यक्रमको पाठ्यसूची होइन । पाठ्यक्रमले विभिन्न अनुभवहरुलाई व्यवहारमा ल्याएर निश्चित कार्यदिशा दिन्छ । तसर्थ यसका माध्यमबाट विद्यार्थीहरुमा व्यावहारिक अनुभव हासिल गराउनु र पढ्ने वातावरण सिर्जना गर्न सघाउनु हो । त्यसैले विद्यार्थीको व्यवहारमा उचित परिवर्तन गर्न तथा पूर्ण सिकाइ गर्नका लागि पाठ्यक्रमलाई पूर्ण रुपले कार्यान्वयनमा ल्याउनु आवश्यक रहन्छ । यसको उचित कार्यान्वयन गर्नका लागि विद्यालयका शिक्षक तथा प्र.अ.को भूमिका उल्लेखनीय रहेको हुन्छ, (शर्मा, २०६२) ।

साधारणतया पाठ्यक्रम कार्यान्वयन भन्नाले विद्यार्थीमा लक्षित सिकाइ उपलब्धिहरु हाीसल गराउन गरिने सिकाइ तथा मूल्यांकन कार्याक्रम तथा क्रियकलापलाई जनाउँछ।

पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी भयो भने मात्र विद्यार्थीको सिकाइ उपलब्धि उच्च हुन सक्छ, (प्राथमिक शिक्षा पाठ्यक्रम कार्यान्वयन पुस्तिका नेपाल सरकार : २०६४) ।

जोन डिवेका अनुसार बालक समाजको अबोध प्राणी हो । समाजका मान्यताहरु पुर्खाले चलाइरहेका हुन्छन् । यी दुवैका बीचमा स्वतन्त्र रुपबाट काम गर्न सक्ने माध्यम नै पाठ्यक्रम हो । सिकाइ भन्नु नै अन्तरक्रियात्मक प्रक्रिया हो । यस अन्तरक्रियाबाट विद्यार्थीहरुलाई अनुभवहरु प्राप्त हुन्छन् । अत : पाठ्यक्रम ज्यादै महत्वपूर्ण छ किनभने यसबाट समयको वर्वादीलाई बचाउन सकिन्छ । मानवीय अनुभवहरुलाई श्रृङ्खलाबद्ध रुपमा कायम गराउन पाठ्यक्रमले सहयोग गर्दछ । जसरी एउटा नक्साको माध्यमबाट एउटा यात्रीले फाइदा लिन सक्छ । त्यसको निर्देशन अनुसार लक्ष्यमा पुग्न सक्छ । त्यसैगरी पाठ्यक्रमले वालकलाई लक्ष्यमा पुग्ने सूचना, क्रमिकता, तार्किक क्षमता र अनुभवको रेखाङ्कन प्रदान गर्दछ, (शर्मा एण्ड शर्मा, २०६२) ।

होमनाथ सापकोटाले पाठ्यक्रम योजना र अभ्यास नामक पुस्तकमा गरेको विश्लेषण अनुसार शिक्षाको लक्ष्य तथा उद्देश्यहरु पूरा गर्न विद्यालय भित्र तथा बाहिर विद्यार्थीहरुले गर्ने सम्पूर्ण शैक्षिक क्रियाकलाप र विद्यार्थीले आर्जन गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरुलाई पाठ्यक्रम भनिन्छ । शिक्षण सिकाइको प्रक्रियालाई व्यवस्थितगर्न तयार पारिने त्यो योजना पाठ्यक्रम हो । जसले शिक्षा किन ? कसरी ? कसका लागि ? कहिले ? कति कस्तो लेखाजोखाद्धारा जस्ता पक्षहरुलाई समग्र रुपमा समेटिएको हुन्छ । पाठ्यक्रम भित्र शिक्षाको लक्ष्य, लक्ष्य अनुसारका तहगत कक्षागत र विषयगत उद्देश्यहरु, ती क्रियाकलाप र विधिहरु उद्देश्यहरु पुरा कतिसम्म भए लेखाजोखा गर्ने विधि, प्रक्रिया तथा साधनहरुको व्यापक, विवरण समावेश गरिएको हुन्छ । आधुनिक पाठ्यक्रमले विद्यार्थीको रुचि, आवश्यकता एवम् चाहनाहरु समाजको संस्कृति एवम् रुपान्तर दार्शनिक एवम् शैक्षिक नविन धारणाहरु, लोकतान्त्रिक मूल्य र मान्यता आदिलाई समेटिएको हुन्छ । पाठ्यक्रम शैक्षिक पेशा क्षेत्रको अत्यन्त गतिशिल पक्ष हो । यसले विभिन्न सामाजिक परिपेक्ष्यमा गरिएको अभ्यास, प्रतिपाठ्य विवरण आदिलाई बुझाउँछ, (सापकोटा, २०६७ : १७) ।

पाठ्क्रम कार्यान्वयनसँग परीक्षाको अन्योन्याश्रीत सम्बन्ध देखिन्छ । वास्तवमा विभिन्नन उमेर समूहका विद्यार्थीको सर्वपक्षीय विकासका लागि राज्यले अवलम्बन गरेको शैक्षिक नीति र तिनमा आधारित पाठ्यक्रम र पाठ्यवस्तु नै परीक्षाका केन्द्रबिन्दु हुन् । परीक्षाको माध्यमबाट देशको शैक्षिक नीति, पाठ्यक्रम र शैक्षिक प्रणालीमा सुधार गर्न मद्दत मिल्दछ । त्यसैले राष्टिय पाठ्यक्रम बोर्डका अन्तरवतस्तु यिनै सेरोफेरेमा निर्क्यौल  गर्न सके शैक्षिक प्रणाालीलाई चुस्त र समायानूकूल बनाउन मद्दत पुग्दछ, (इजुकेशनल पाक्षिक २०६९ : ४) ।

चिरञ्जिवि शर्मा र निर्मला शर्माले पाठ्यक्रम योजना र अभ्यास नामक पुस्तकमा उल्लेख गरे अनुसार शिक्षा कस्तो हुनुपर्दछ भन्ने कुरा राष्ट्रको शिक्षा नितीले निर्धारण गर्दछ । शिक्षा सबै मुलुकमा, सबै राज्यमा सबै विद्यार्थीमा सबै उमेर समूहमा र सबै राज्यमा सबै विद्यार्थीमा सबै उमेर समुहमा र सबै अवस्थामा एउटै हुनुपर्छ भन्ने छैन । मुलुकको आवश्यकता, समाजको चाहना, विद्यार्थीको चाहना र आवश्यक वातावरण आदिका आधारमा पाठ्यक्रम (शिक्षा) फरक फरक प्रकृतिको स्वरुपको र स्तरको हुन सक्छ । शिक्षा बालकको जीवनको तयारीको आधार हो । शिक्षाले बालकलाई समाजका सबै किसिमका वातावरणमा समायोजन हुन सबल र सक्षम बनाउँछ । अर्थात शिक्षाले बालकलाई आफ्नो भविष्य राम्रो बनाउन निर्देश गर्दछ । आफ्नो र पारिवारिक राम्रो जीवनयापनमा सहयोग पुऱ्याउँछ, कुनै पनि समस्याको अवलोकन, विश्लेषण र तुलना गरी समाधानमा सहयोग पुऱ्याउँछ, सामाजिक अधिकार कर्तव्य सफलतापूर्वक वहन गरी सभ्य र सफल नागरिक बन्न प्रेरित गर्दछ । आफ्नो फुर्सदको समयको सदुपयोग गराउँछ । व्यक्ति, समाज, राज्य र अन्तराष्ट्रिय क्षेत्रमा आवश्यक योगदान गराउँछ । व्यक्ति, समाज, राज्य र अन्तराष्ट्रिय क्षेत्रमा आवश्यक योगदान पुऱ्याउन सहयोग गर्दछ । यस प्रकार बालकको सर्वाङ्गीण विकास गराउन सक्षम यतिमात्र रहेको हुन्छ भनि सिमितीकरण गर्न सकिन्न , (शर्मा एण्ड शर्मा २०६९:४२) ।

परिवर्तति सृजना गरिएको वा तयार गरिएको पाठ्यक्रमको पूरै भाव वा केही भागलाई स्वीकार गरी प्रयोगमा ल्याई यथास्थितिमा परिवर्तन ल्याउनु नै पाठ्यक्रम कार्यान्वयन हो । अपेक्षित पाठ्यक्रम र उपलब्ध पाठ्यक्रमका साथ शिक्षक तथा विद्यार्थीको पारस्परिक अन्तरक्रियाबाट शिक्षकले कक्षाकोठामा शिक्षण गरेको पाठ्यक्रमलाई कार्यान्वयन गरेको पाठ्यक्रम भनिन्छ, ( भट्टः २०६७: १२६) ।

२०६० सालदेखि परीक्षणका रुपमा लागु भई २०६३ देखि विद्यालय तहमा परिवर्तति पाठ्यक्रम लागु गरिएको थियो जस अनुसार माध्यमिक तहको साधारण माध्यमिक तर्फ ८०० पूर्णङ्कको पाठ्यभार कायम गरिएको छ । जसमा नेपाली, गणित, अंग्रेजी, विज्ञान, सामाजिक, स्वास्थ्य, ऐच्छिक प्रथम , ऐच्छिक द्धितीय जस्ता विषयलाई समावेश गरिएको छ । पाठ्यक्रममा उल्लेख गरिए अनुसार व्यवहारिक भन्दा सैद्धान्तिक पक्षलाई नै विशेष जोड दिइएको पाइन्छ ।ऐच्छिक द्वितीय, विज्ञान बाहेक अन्य विषयमा प्रयोगात्मक पाठ्यभार तोकिएको छैन, (माध्यमिक तहको पाठ्यक्रम, २०६३) ।

विद्यालयमा पाठ्यक्रम कार्यान्वयनमा आइसकेपछि यसँग देखापर्ने सम्पूर्ण समस्याहरुमा जुध्ने जिम्मेवारी विषय शिक्षकको मात्र हो भन्नने खालको सोच विद्यालय तथा स्रोतकेन्द्रको छ । तसर्थ पाठ्यक्रमको कार्यान्वयनमा विषय शिक्षक, प्र.अ., स्रोतव्यक्ति सबै पक्षको भूमिका रहन्छ भन्ने कुरा सचेत गराउँदै सबै पक्षलाई आ आफ्नो ठाउँमा सक्रिय रहने वातावरण बनाउनु आवश्यक छ, (पोखेल, २०६९:८९) ।

बालचन्द्र ओझाले, विद्यालयमा पाठ्यक्रमको प्रयोगका आधारहरु नामक कीर्तिमा गरेको विश्लेषण अनुसार सिकारुको अनुभव एवम् शिक्षण सिकइलाई निर्दिष्ट गर्न सबै आवश्यक तत्वहरु समावेश भएको दस्तावेजलाई पाठ्यक्रमको व्यापक अर्थ अन्तर्गत लिन सकिन्छ । पाठ्यक्रमले शिक्षाका लक्ष्य, सिकाइ सामग्री, सिकाइ विषयवस्तु, मूल्यांकन जस्ता पक्षहरुलाई समावेश गरेको हुनु अति नै आवश्यक रहन्छ । पाठ्यक्रम भित्र शिक्षक, अभिभावक र समाजको इच्छा चाहना आवश्यकता एवम् भावनाहरु प्रतिबिम्बित भएका हुन्छन् । पाठ्यक्रम शैक्षिक संस्थाका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न अति आवश्यक पर्ने मेरुदण्डका रुपमा लिन सकिन्छ । समय र

परिस्थित अनुसार पाठ्यक्रम परिमार्जन हुँदै गएको हुन्छ । परिमार्जित पाठ्यक्रमकै आधारमा सिकाइ हुन सकेका खण्डमा सिकाइ प्रभावकारी हुने देखिन्छ । आजभन्दा २० वर्ष अगाडिको पाठ्यक्रम र अहिलेको पाठ्यक्रममा धेरै अन्तर रहेको पाइन्छ । पाठ्यक्रममा मात्र परिवर्तनु हुनु भन्दा पनि त्यसको प्रयोगमा पनि उत्तीकै रुपमा परिवर्तन हुनु अति आवश्यक रहन्छ । पाठ्यक्रममा तोकिए अनुसार सिकाइ हुनुका साथै त्यसै आधारमा उचित मूल्यांकन गर्न सकेका खण्डमा शैक्षिक उपलब्धि वृद्धिमा समेत सहयोग पुग्ने देखिन्छ, (ओभ्का, २०७३:२ ) ।

प्राध्यापक डाक्टर तीर्थ पराजुलीले पाठ्यक्रम योजन र अभ्यास नामक पुस्तकमा विश्लेषण गरे अनुसार वर्तमान अवस्थामपा कुनै शिक्षकण संस्थामा लागू भइरहेको पाठ्यक्रममा परिवर्तन गरी कक्षाकोठामा परिवर्तति पाठ्यक्रमलाई उपयोग गर्नु वा प्रयोगमा ल्याउनु नै पाठ्यक्रम कार्यान्वयन हो । कुनै पनि परिवर्तति प्रान्त जिल्ला वा विद्यालयमा पाठ्यक्रमको सफल कार्यान्वय पाठ्यक्रम लागू गर्ने शिक्षण संस्थाको क्षमता, विद्यालयमा लागु भएको पाठ्यक्रम परिवर्तन गरी परिवर्तति पाठ्यक्रम लागु गर्ने उत्प्रेरणा र पाठ्यक्रम लागू गर्ने प्रतिबद्धताको आवश्यक पर्दछ, (पराजुली , २०६६: २९७) ।

## २.२. सैद्धान्तिक खाका


यस शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि राल्फ टायलरको तार्किक नमुनालाई अध्ययनको सैद्धान्तिक खाकाको रुपमा लिइएको छ । उनको यस पााठ्यक्रमको नमुनालाइ उद्देश्यमूलक नमुना भनेर पनि भन्ने गरेको पाइन्छ । टायलरको यो नमुनालाई पाठ्यक्रम विकासको पहिलो नमुनाका रुपमा लिन सकिन्छ । टायलरको तार्किक नमुना इ.सं. १९४९ मा आएको हो । उनले Basic principles curriculum and Instruction सम्बन्धी काम गर्दा यो नमुनालाई प्रकाशनमा ल्याएका हुन् ।

टायलरको तार्किक नमुना अनुसार पाठ्यक्रम निर्माण गर्दा ४ चरणमा निर्माण गर्न आवश्यक रहेको कुरालाई विश्लेषण गरिएको छ । पठ्यक्रम विकासका क्रममा निश्चित उद्देश्यहरुको निर्धारण गरी पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ । पाठ्यक्रमलाई कायान्वयनमा ल्याउने क्रममा आफूले राखेका उद्देश्यहरु पूरा भए या भएनन् भनी सम्पूर्ण पाठ्यक्रमलाई लेखा जोखा गर्नु पनि कार्यान्वयन पक्षको उत्तीकै भूमिका रहन्छ। पाठ्यक्रममा तोके अनुसार विद्यार्थीको व्यवहारमा परिवर्तन आयो या आएन, उद्देश्य अनुसार शिक्षण शिक्षण क्रियाकलाप हुन सकेको छ या छैन भन्ने जस्ता कुराहरुमा कार्यान्वयन पक्ष सजग हुन आवश्यक रहेको कुरालाई टायलरको तार्किक नमुनामा विश्लेषण गरिएको छ ।

विद्यालयमा पाठ्यक्रम के कसरी कार्यान्वयन भएको छ, यसमा प्र.अ. को भूमिका अपरिहार्य रहन्छ , प्र.अ.ले पाठ्यक्रम समयानुकुल छ वा छैन, पाठ्यक्रमलाई प्रभाावकाारी ढंगबाट कार्यान्वयन गर्न के कस्ता क्रियकलाप गर्ने भन्ने जस्ता कुराको बारेमा जानकारी हुनु उत्तीकै आवश्यक रहन्छ । यिनै कुरालाई दृष्टिगत गर्दै राल्फ टायलरको तार्किक नमुनालाई यस अध्ययनको सैद्धान्तिक खाकाका रुपमा लिएर प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ ।

## २.३ अध्ययनको अवधारणात्मक खाका

प्रस्तुत अध्ययनको अवधारणात्मक खाका निम्नानुसारको रहने छ :




यस शोधकार्यमा माथिको अवधारणा अनुसार विद्यालयमा माध्यमिक तहमा लागु गरिएको पाठ्यक्रमको वर्तमान कार्यान्वयनको अवस्था पहिचान गरी वर्तमान पाठ्यक्रम के कस्तो रहेको छ ?यसले शिक्षकलाई अध्यापन गर्न के कस्तो सहयोगी भूमिका निर्वाह गरेको छ ? पाठ्यक्रमको कार्यान्वयनको अवस्था के छ ? योजनाहरु के कसरी निर्माण भएका छन् ? शिक्षण सिकाइ क्रियाकलापको स्थिति के कस्तो रहेको

भन्ने जस्ता कुराहरुको बारेमा विश्लेषण गरी प्राप्त विद्यालयमा माध्यमिक तहमा पाठ्यक्रमको पूर्ण रुपमा कार्यान्वयन गराउनका लागि प्र.अ.को भूमिका के कस्तो रहनु पर्दछ भन्ने विषयमा देखिएका समस्या तथा तथा सुझावहरु प्रस्तुत गरी शोधकार्यलाई अन्तिम रुप दिइएको छ ।

## २.४. पुनरावलोकनको शैक्षिक उपादेयता

माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.को भूमिका नामक शीर्षकमा प्रस्तुत अध्ययन कार्य तयार गरिएको छ । यस अध्ययन कार्यमा अध्ययनसँग सम्बन्धित साहित्यलाई अध्ययन गरी प्राप्त सारांशलाई पुनरावलोकनको रुपमा समावेश गरिएको छ । उल्लेखित साहित्यहरुको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको माध्यमबाट शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि थप सहयोग पुगेको छ। छनोटमा परेका विद्यालयमा उद्देश्य अनुसार तथ्य संकलन गरी कच्चा पदार्थका रुपमा संकलित तथ्यहरुलाई उद्देश्य अनुसार विश्लेषण गर्नमा पनिसम्बन्धित साहित्यको पुनरावलोकनले थप सहयोग पुऱ्याउने देखिन्छ ।आजभन्दा अगाडि के कस्ता अध्ययन अनुसन्धान भए र अब के कस्ता अध्ययन हुन बाँकी छन् भन्ने जस्ता कुराहरुमा शोधकर्तालाई जानकारी प्राप्त हुन गई अध्ययन कार्यलाई स्पष्ट व्यवहारिक र अन्य अध्ययन अनुसन्धानसँग दोहरिबाट जोगाइ उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाबाट थप सहयोग पुगेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि गरिने पूर्व योजना तथा रणनीति नै अध्ययन ढाँचा हो । अध्ययन तथा अनुसन्धान गरी निष्कर्षमा पुग्नका लागि अध्ययन विधिको आवश्यकता पर्दछ । अनुसन्धाका लागि छनोट गरिएको विषय के कस्तो क्षेत्र अन्तर्गन कस्ता सरोकारवाला व्यक्तिलााई संलग्न गराएर कसरी निष्कर्षमा पुग्न सकिन्छ भनी अध्ययनको एउटा निश्चित योजना तथा मार्ग चित्र आवश्यक पर्दछ । त्यसैले कुनै पनि अध्ययन अनुसन्धान लागि अध्ययन विधिको महत्वपूर्ण भूमिका रहने गर्दछ ।

## ३.१. अनुसन्धान ढाँचा

माध्यमिक तहको पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.को भूमिका के कस्तो रहेको छ र पाठ्यक्रमलाई उचित तवरबाट कार्यान्वयन गर्नका लागि के कस्ता क्रियाकलाप आवश्यक छन् भन्ने जस्ता कुराहरुको अध्ययन प्रस्तुत अध्ययन कार्यमा गरिएको छ । प्रस्तावित शोधपत्र गुणात्मक ढाँचाको रहने हुँदा विवरणात्मक तवरबाट प्राप्त तथ्यको व्याख्या विश्लेषण गरी उद्देश्य अनुसार पूर्णता प्रदान गरिएको छ।

## ३.२. अध्ययनको जनसंख्या र नमुना छनोट

प्रस्तुत अध्ययन लमजुङ जिल्ला धमिली कुवा श्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २५ वटा विद्यालयहरु मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा शिशु विद्याश्रम मा.वि.,तिनपिप्ले, प्रगति माध्यमिक विद्यालय, सिम्ले, शौभाग्योदय मा.वि. अल्काटार र वसन्तावती मा.वि. विरौटा गरी जम्मा ४ वटा विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरीएको छ । अध्ययनका लागि छनोट गरिएको जनसंख्या विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमाा विद्यालयको छनोट गरी छनोटमा परेका विद्यालयबाट उद्देश्य मूलक विधिका आधारमा हरेक विद्यालयबाट १।१ का दरले ४ जना प्र.अ., सम्भावना रहित नमुना छनोट विधिका अधारमा २।२ दरले शिक्षक ८ जना, सम्भावना रहित नमुना छनोट विधिका अधारमा ५।५ का दरले २० जना विद्यार्थी, उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा १।१ का दरले ४ जना वि.व्य.स. अध्यक्ष, उद्देश्यमूलक विधिका आधारमा स्रोतव्यक्ति १ जना र उद्देश्यमूलक विधिकै आधारमा ८ जना अभिभावक सहित जम्मा ४५ जनालाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरु

तथ्याङ्क संकलनका लागि निम्न साधनहरुको प्रयोग गरिएको छ ।

**१अवलोकन :** छनोटमा परेका ४ वटै विद्यालयमा अध्ययनकर्ता प्रत्यक्ष उपस्थित भएर विद्यालयका विभिन्न शैक्षिक गतिविधिहरु जस्तै : वार्षिक कार्यतालिका कार्यान्वयन भए नभएको, निरन्तर मूल्यांकन हुन सकेको नसकेको, शैक्षिक सामग्रीको प्रयोग, शिक्षक नियमिततामामा प्र.अ.को निगरानी जस्ता पाठ्यक्रमसँग सम्बन्धित विषयमा प्रत्यक्ष अवलोकन गरी सूचनाहरु प्राप्त गरिएको छ ।

### २. विद्यालय अभिलेख

विद्यालयमा पाठ्क्रम कवार्यान्वयनको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि यस विषयवस्तुसँग सम्बन्धित विभिन्न प्रकारका गुणस्तरमा प्रभाव पार्ने तथा विद्यालयका सम्पूर्ण शैक्षिक गतिविधिसँग सम्बन्धित सूचनाहरु विद्यालय अभिलेखबाट प्राप्त गरिएको छ ।

### ३. प्रश्नावली

छनोटमा परेका ४ वटै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक सँग सम्बन्धित आवश्यक सूचना संकलनका लागि प्रश्नावलीको उपयोग गरिएको छ, जसलाई अनुसूची १ देखि ४  सम्म देखाइएको छ ।

## ३.४ तथ्यांक संकलनका स्रोतहरु

यस अध्ययन अनुसन्धानका तथ्यांक सङ्कलनका प्राथमिक तथा द्वितीय स्रोतलाई प्रयोगमा ल्याएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### १ प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष अवलोकन प्रश्नावली, छलफल तथा अन्तरक्रियालाई आधार मानेर अनुसन्धानकर्ताको प्रत्यक्ष संलग्नतामा तथ्यांक सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोत अन्तर्गत यस अध्ययन अनुसन्धानसँग सम्बन्धित साहित्यहरु, लेखरचना, पत्रपत्रिका, शैक्षिक बुलेटिन, अभिलेख, प्रतिवेदनहरुलाई आधारमानि तथ्यांक सङ्कलन गरिएको छ । यस्तै गरी द्वितीय सूचना सङ्कलनका लागि लेखहरू, पत्रपत्रिका, शोधपत्रहरू र इमेल इन्टरनेटको समेत प्रयोग गरि सम्बन्धित विद्यालयको तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.५ तथ्याङ्कको विश्लेषण प्रक्रिया

छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसन्धानकताको प्रत्यक्ष उपस्थितिमा सम्बन्धित विद्यालयका प्र.अ., स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, तथा अभिभावकहरुबाट खुला प्रश्नावली अन्तरवार्ता प्रयोग गरी तथ्यांक संकलन गरिएको छ । अनुसूची साथै विभिन्न शैक्षिक गतिविधिहरुको समेत अवलोकन गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकको व्याख्या तथा विश्लेषण

अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई व्यवहारिक, वस्तुनिष्ट र सबैका लागि बोधगम्य बनाउन तथा उद्देश्य अनुसार शोधकार्यलाई पूर्णरुप प्रदान गर्नका लागि अस्पष्ट तथ्याङ्कलाई प्रशोधन गरी स्पष्ट र व्यवस्थित बनाइएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विश्लेषण गरिएको छ । यो अध्ययन अनुसन्धान गुणात्मक प्रकृतिको रहेको हुँदा उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परिमार्जन गरेर वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि उद्देश्य अनुसार निम्नानुसारका शीर्षकहरुहरुमा व्याख्या तथा विश्लेषण गरिएको छ :

## ४.१ माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था

माध्यमिक तहको पाठ्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था के कस्तो रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि छनोटमापरेका  विद्यालयमा अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । जसका लागि मा.वि. तहको परिवर्तित पाठ्यक्रमको अवस्थाका बारेमा जानकारी समेत प्राप्त गरिएको थियो । जसबाट प्रप्त तथ्य अनुसार माध्यमिक तहमा परिवर्तति पाठ्यक्रमका रुपमा २०७३ सालमा कक्षा ९ को पाठ्यक्रम फेरिएको पाइयो भने २०७४ मा कक्षा १० पाठ्यक्रम परिवर्तन भएको पाइयो । छनोटमा परेका विद्यालयहरु  शिशु विद्याश्रम मा.वि., तिनपिप्ले, प्रगति माध्यमिक विद्यालय, सिम्ले, शौभाग्योदय मा.वि. अल्काटार र वसन्तावती मा.वि. विरौटामा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य अनुसार कक्षा ९ र १० को पाठ्यक्रम अनुसार नेपाली, गणित, अंग्रेजी, विज्ञान, सामाजिक अध्ययन, जनसंख्या जस्ता विविध विषयहरुको अध्यापन गराउँदै आएको पाइयो । जसबाट प्राप्त तथ्यलाई प्रष्ट पार्नका लागि निम्नानुसारको तालिकाबाट प्राष्ट पारिएको छ :

## तालिका १

## छनोटमा परेका विद्यालयमा माध्यमिक तहको पाठ्यक्रम अनुसार अध्यापन भएका विषयहरु

| शिशु विद्याश्रम मा.वि. | प्रगति माध्यमिक विद्यालय | शौभाग्योदय मा.वि. | वसन्तावती मा.वि. |
|---|---|---|---|
| नेपाली | नेपाली | नेपाली | नेपाली |
| अंग्रेजी | अंग्रेजी | अंग्रेजी | अंग्रेजी |
| गणित | गणित | गणित | गणित |
| विज्ञान | विज्ञान | विज्ञान | विज्ञान |
| सामाजिक | सामाजिक | सामाजिक | सामाजिक |
| स्वस्थ्य जनसंख्या र वातावरण | स्वस्थ्य जनसंख्या र वातावरण | स्वस्थ्य जनसंख्या र वातावरण | स्वस्थ्य जनसंख्या र वातावरण |
| अतिरिक्त प्रथम (अर्थशास्त्र वा गणित) | अतिरिक्त प्रथम ( अर्थशास्त्र वा गणित) | अतिरिक्त प्रथम ( अर्थशास्त्र वा गणित) | अतिरिक्त प्रथम ( अर्थशास्त्र वा गणित) |
| अतिरिक्त द्बितीय (लेखा वा कम्प्युटर) | अतिरिक्त द्बितीय (लेखा वा कम्प्युटर) | अतिरिक्त द्बितीय ( लेखा वा कम्प्युटर) | अतिरिक्त द्बितीय ( लेखा वा कम्प्युटर) |

**स्रोत : मा.वि. पाठ्यक्रम २०७२**

तालिका १ अनुसार विद्यालयमा परिवर्तति पाठ्यक्रम अनुसार कक्षा ९ र १० मा अध्यापन अध्यापन हुँदै आएको पाइयो जसमा विज्ञान, गणित, अंग्रेजी नेपाली, स्वास्थ्य अतिरिक्त प्रथम र अतिरिक्त द्बितीय गरी जम्मा ८०० पूर्णाङ्क बराबरको पाठ्यभार अनुसार अध्यापन हुने गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । छनोटमा परेका विद्यालयमा परिवर्तति पाठ्यक्रमको कार्यान्वयनको वर्तमान अवस्थाका बारेमा जानकारी प्राप्त गर्ने क्रममा निम्नानुसारका उपशीर्षक अनुसार तथ्यांकको व्याख्या तथा विश्लेषण गरिएको छ:

### ४.१.१ पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरु

माध्यमिक तहको परिवर्तति पाठ्यक्रम अनुसार भर्खरै मात्रसमावेश गरिएको पाठ्यक्रम नितान्त परिवर्तति ढंगबाट समावेश गरिएको तथ्य अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका शिक्षक तथा विद्यार्थीसँगको छलफल अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । विषयगत पाठ्यक्रमलाई अध्ययन गर्दा पुरानो पाठ्यक्रममा भन्दा वर्तमान पाठ्यक्रममा फरक रहेको पाइयो । परिवर्तति पाठ्यक्रममा विशेष गरी प्रयोगात्मक अभ्यासलाई बढी जोड दिएर समावेश गर्नुका साथै समय सामयिक विषयवस्तुलााई समावेश गरिएको भन्ने जस्ता तथ्यहरु समेत अध्ययनको क्रममा जानकारी प्राप्त भएको थियो । गणित विषय बाहेक सबै विषयमा २५ प्रतिशत बराबरको प्रयोगात्मक पाठ्भार कायम गर्नुले विद्यार्थीहरुमा प्रयोगात्मक सीप विकासमा समेत परिवर्तित पाठ्यक्रमले सहयोग पुगेको तथ्य समेत छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थी तथा वि.व्य.स.को छलफल तथा अन्तरक्रिया बाट जानकारी प्राप्त भएको थियो । परिवर्तति पाठ्यक्रममा पनि अतिरिक्त द्वितीय अन्तर्गत पुरानै विषयहरुलाई समावेश गरिएको पाइयो । जसमा प्रयोगात्मक पाठ्यभार पुरानै पाठ्यभार अनुसार कायम गरिएको पाइयो । माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयानको वर्तमान अवस्था के कस्तो रहेको छ ? यसले विद्यालयमा सिकारुको सिकाइ क्रियाकलापमा कस्तो प्रभाव पारेको छ? र शिक्षकहरुलाई शिक्षण गर्नका लागि के कति समस्याहरु रहेका छन् भन्ने जस्ता विविध पक्षहरुको जानकारी प्राप्त गर्ने उद्देश्यले छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार भर्खरै मात्रसुरु गरिएको माध्यमिक तहको परिवर्तति पाठ्यक्रम समसामयिक विषयवस्तुको समावेश गरी व्यवहारिक ज्ञान प्रदान गर्ने अभिप्रायले निर्माण गरिएको हुँदा अध्यापन गर्न र सिकारुलाई बुझाउनका

लागि सहजता भएको भन्ने जस्ता तथ्यहरु छनोटमा परेका विद्यालयका शिक्षक तथा विद्यालय प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो ।

परिवर्तति पाठ्यक्रमले नितान्त व्यवहारिक तथा प्रयोगात्मक अभ्यासलाई जोड दिएको हुँदा विद्यार्थीहरुले रुचिपूर्वक सिक्नका लागि उत्साहित भएको भए पनि विद्यालयको विविध समस्याहरु, भौतिक पूर्वाधार, शिक्षकमा तालिम जस्ता पक्षहरुले पूर्ण रुपमा कार्यान्वयनमा ल्यान नसकिएको भन्ने जस्ता उत्तरहरु समेत अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका शिक्षक, प्र.अ.अभिभावक तथा स्रोतव्यक्तिसँगको छलफल तथा अन्तरक्रियबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.२ पाठ्यक्रम अनुसारका शैक्षिक सामग्री, तथा मूल्यांकनको अवस्था

विद्यालयमा परिवर्तित पाठ्यक्रमलाई के कसरी कार्यान्वयन गरिएको छ भन्नेबारेमा जानकारी प्राप्त गर्ने क्रममा पाठ्यक्रम अनुसार शैक्षिक सामग्रीको प्रयोग हुन सकेको छकि छैन, विद्यार्थी मूल्यांकन के कसरी गरिएको छ भन्ने जस्ता कुराहरुलाई आधार बनाएर छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष रुपमा उपस्थित भएर गरिएको अध्ययन अनुसार परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गर्नका लागि पाठ्यक्रमले तोके अनुसार विषयवस्तुलाई सुहाउँदो किसिमका विविध शैक्षिक सामग्रीहरु श्रव्य तथा दृश्यात्मक शिक्षकले प्रयोग गर्दै आएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयहरुबाट जानकारी प्राप्त भएको छ । त्यसैगरी प्रयोगात्मक मूल्यांकन गर्दा विषयवस्तुले तोके अनुसार विभिन्न प्रयोगात्मक कार्यहरु गर्न लगाई सोही प्रस्तुतीको आधारमा मूल्यांकन गर्ने गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका चारैवटा विद्यालयबाट जानकारी प्राप्त भएको थियो ।

राल्फ टायलरको तार्किक सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा छनोटमा परेका विद्यालयहरुमा परिवर्तित पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा

भर्खरै मात्र परिवर्तति पाठ्यक्रम अनुसार अध्यापन हुँदै गरेको पाइयो ।परिवर्तति पाठ्यक्रम सिकारुकेन्द्रित विधिमा आधारित हुनुका साथै प्रयोगात्मक पाठ्यभार समेत समावेश गरिएको हुँदा विद्यार्थीको प्रयोगात्मक ज्ञानको विकास गराउनका लागि सहज हुने भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षकहरुसँगको अन्तरवार्ता प्रश्नावलीका आधारमा तथ्य प्राप्त भएको थियो ।

## ४.२ माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्र.अ.ले निर्वाह गर्दै आएका भूमिकाहरु

माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्र.अ.को भूमिका के कस्तो रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति तथा, अभिभावकसँग छुट्टा छुट्टै प्रश्नावलीका आधारमा गरिएको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको

छ :

### ४.२.१ विद्यालयमा पाठ्यक्रम तथा पाठ्यक्रम अनुसार शिक्षक निर्देशिकाको उपलब्धता

विद्यालयमा परिवर्तित पाठ्यक्रमको कार्यान्वयन गराउनमा प्र.अ.ले के कस्तो भूमिका निर्वाह गर्दै आएकाछन् भन्ने बारेमा जानकारी प्राप्त गर्ने क्रममा नेपाल सरकार तथा शिक्षा मन्त्रालयले तोके अनुसारको सबै विषयको पाठ्यक्रम उपलब्ध हुँदै आएको छ कि छैन,पाठ्यक्रमले तोके अनुसार शिक्षकका लागि शिक्षक निर्देशिको व्यवस्था हुन सकेको छकि छैन भन्ने जस्ता कुराहरुमा जानकारी प्राप्त गर्ने क्रममा प्र.अ. तथा शिक्षकसँगको छलफल अन्तरक्रिया तथा अनुसूची बाट प्राप्त तथ्य अनुसार सबै विद्यालयमा सबै विषयको पाठ्यक्रम उपलब्ध गरानका लागि प्र.अ. प्रयास रत रहेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । कुन कुन विद्यालयमा पाठ्यक्रम उपलब्ध भएको छ ? कुन कुन विषयको पाठ्यक्रम उपलब्ध भएको छैन, पाठ्यक्रमका साथमा पाठ्यक्रमको उचित कार्यान्वयनका लागि शिक्षक निर्देशिकाको उपलब्धता छ कि छैन? भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्राप्त गर्नका लागि अनुसूचीमा उल्लेखित

प्रश्नावलीका आधारमा गरिको छलफल, अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार छनोटमापरेको विद्यालय शिशु विद्याश्रममा सबै विषयको पाठ्यक्रम नै उपलब्ध हुन नसकेको, पाठ्यक्रम अनुसारको शिक्षक निर्देशिकामा गणित र विज्ञान विषयको मात्र शिक्षक निर्देशिका रहेको तथ्य विद्यालय प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । पाठ्यक्रममा नेपाली, सामाजिक र लेखा विषयको पाठ्यक्रमनै विद्यालयमा नभएको, स्रोतकेन्द्रको बैठकमा पठक पठक माग गर्दा पनि पाठ्यक्रम उपलब्ध नभएको भन्ने उत्तर समेत प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको अर्को विद्यालय प्रगति मा.वि.मा भने सबै विषयको पाठ्यक्रम उपलब्ध रहेको तर शिक्षक निर्देशिका भने नभएको भन्ने जस्ता उत्तरहरु प्र.अ तथा शिक्षकहरुसँग गरिएको प्रश्नावलीबाट जानकारी प्राप्तभएको थियो । विद्यालयमा पाठ्यक्रम छ कि छैन, शिक्षक निर्देशिका हरेक शिक्षकलाई उपलब्ध भएको छकि छैन भन्ने जस्ता कुराहरुमा प्र.अ.ले समय समयमा निगरानी गर्ने गरेको भन्ने जस्ता उत्तरहरु समेत शिक्षकहरुसँग गरिएको प्रश्नावली तथा छलफलबाट जानकारी प्राप्त भएको थियो । छनोटमा परेको अर्को विद्यालय श्री शौभाग्योदय मा.वि.मा विद्यालयमा पाठ्यक्रम उपलब्धताका लागि प्र.अ.को के कस्तो भूमिका रहेको छ ? विद्यालयमा पाठ्यक्रम उपलब्ध भएको छ कि छैन भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त जानकारी अनसार यस विद्यालयम कुनै पनि विषयको शिक्षक निर्देशिका नभएको तथ्य प्राप्त भएको छ । त्यसगरी पाठ्यक्रममा पनि सामाजिक र नेपाली विषयको मात्र पाठ्यक्रम प्राप्त भएको भन्ने जस्ता उत्तरहरु शिक्षक तथा प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा पाठ्यक्रम उपलब्ध गारउनका लागि आफ्नो प्रयास रहँदा रहँदै पनि विविध बाध्यता तथा अन्य कामहरुले उपलब्ध गराउन नसकेको भन्ने जस्ता उत्तरहरु समेत प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

अध्ययनका क्रममा छनोटमा परेको विद्यालय वसन्तावती मा.वि.मा पनि विद्यालयमा पाठ्यक्रम तथा शैक्षिक सामग्रीको उपलब्धता छ कि छैन भन्ने बारेमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त

भएको जानकारी अनुसार पूर्ण रुपमा पाठ्यक्रम उपलब्ध हुन नसकेको र जम्मा २ विषय जसमध्ये अंग्रेजी र सामाजिक विषयको मात्र शिक्षक निर्देशिका उपलब्ध भएको भन्ने जस्ता तथ्यहरु प्राप्त भएको छ ।

छनोटमा परेको चारवटै विद्यालयमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको पूर्णरुपमा कार्यावन्यन गर्नका लागि विद्यालयमा पाठ्यक्रम तथा पाठ्यक्रमले तोके अनुसारको शिक्षक निर्देशिका उपलब्ध हुन सकेको छ कि छैन ? शिक्षकरुले पाठ्यक्रमलाई अनुसरण गरेर अध्यापन गर्नु भएको छ कि छैन भन्ने जस्ता कुराहरुमा जानकारी प्राप्त गर्ने उद्देश्यले गरिएको छलफल अन्तरक्रिया एवम् अनुसन्धान अनुसार छनोटमा परेको विद्यालय प्रगति माध्यमिक विद्यालय बाहेक अन्य विद्यालयहरुमा पाठ्यक्रम नै उपलब्ध हुन नसक्नुका साथै पाठ्यक्रमको उपलब्धताको लागि पटक पटक प्र.अ.लाई जानकारी गराउँदा पनि उपलब्ध हुन नसकेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका ३ वटै विद्यालयहरुबाट जानकारी प्राप्त हुनुले विद्यालयमा पाठ्यक्रमको उपलब्धताका लागि प्र.अ.को भूमिका प्रभावकारी हुन नसकिरहेको प्रष्ट भएको छ ।

## ४.२.२ निरीक्षण तथा अनुगमन

विद्यालयमा अध्यापन गर्दा परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन हुन सकिरहेको छ कि छैन भन्ने बारेमा प्र.अ.बाट समय समयमा निरीक्षण तथा अनुगमन हुनु उत्तीकै मात्रामा आवश्यक रहन्छ । यिनै कुरालाई दृष्टिगत गरेरविद्यालयमा परिवर्तित पाठ्यक्रमको कार्यान्वयनको लागि निरीक्षण तथा अनुगमनको अवस्थाका बारेमा विद्यालयका प्र.अ. सँगको गरिएको छलफल तथा अन्तरक्रिया गर्दा छनोटका ४ वटै विद्यालयबाट समय सयमा शिक्षकहरुले के कसरी अध्यापन गराउने गर्नु भएको छ भन्ने बारेमा छलफल तथा अन्तरक्रिया हुने गरेको भए पनि निरीक्षण तथा अनुगमन कार्य भने प्रभावकारी ढंगबाट गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको छ ।

### ४.२.३ शैक्षिक सामग्रीको प्रयोगमा प्र.अ.को भूमिका

कुनै कुरालाई अध्यापन गराउँदा शैक्षिक सामग्रीको अपरिहार्यता रहन्छ । विद्यालयमा शिक्षकले जतिसुकै राम्रो पढाउने अवधारणा राखे पनि, जुनसुकै पाठ्यक्रम भए पनि पाठ्यक्रमले तोके अनुसारको शैक्षिक सामग्री उपलब्ध हुन नसकेको खण्डमा सिकाइ प्रभावकारी हुन सक्दैन । परिवर्तित पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट प्रयोग गर्नका लागि पाठ्यक्रमले तोके अनुसारका शैक्षिक सामग्रीहरु उपलब्ध गराउन प्र.अ.को दायित्व तथा भूमिका अन्तर्गत पर्दछ । यिनै कुरालाई ध्यानमा राखेर छनोटमा परेका विद्यालयमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि प्र.अ.ले आवश्यक शैक्षिक सामग्री जुटाउनमा के कस्तो भूमिका निर्वाह गरिरहेका छन् ? बिवद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु रहेका छन् ? कस्ता कस्ता शैक्षिक सामग्रीको अभावले गर्दा परिवर्तित पाठ्यक्रम अनुसार शिक्षण सिकाइ हुन सकेको छैन भन्ने जस्ता कुराहरुको बारेमा गरिएको अध्ययन अनुसार छनोटमा परेका विद्यालयमा प्राप्त भएका शैक्षिक सामग्रीको अवस्थालाई निम्नानसार प्रस्तुत गरिएको छ :

तालिका २

शैक्षिक सामग्रीको अवस्था

| श्री शिशु विद्याश्रम मा.वि. | |
|---|---|
| **सामग्रीको नाम** | **पर्याप्त अपर्याप्त** |
| **प्रोजेक्टर १ वटा स्पिकर, माइक, टि.भि, १चार्टहरु, गोजितालिका** | **अपर्याप्त (भएर पनि उचित संरक्षणको अभाव हुँदा न्यून मात्रामा प्रयोगमा आएको)** |
| प्रगति माध्यमिक विद्यालय | |
| **सामग्रीको नाम** | **पर्याप्त अपर्याप्त** |
| **प्रोजेक्टर १ वटा स्पिकर, माइक, टि.भि, १चार्टहरु, कम्प्युटर गोजितालिका, ग्लोव तथा दैनिक प्रयोगका सामग्री** | **पर्याप्त नभए पनि पालै पालो गरेर शिक्षकहरुले प्रयोग गर्दै आएको** |

| शौभाग्योदय मा.वि. | |
|---|---|
| **सामग्रीको नाम** | **पर्याप्त अपर्याप्त** |
| **स्पिकर, माइक, टि.भि, १चार्टहरु, गोजितालिका, कम्प्युटर,** | **अपर्याप्त रहेको** |
| वसन्तावती मा.वि. | |
| **सामग्रीको नाम** | **पर्याप्त अपर्याप्त** |
| **स्पिकर, माइक, टि.भि, १चार्टहरु, गोजितालिका, कम्प्युटर,** | **अपर्याप्त रहेको** |

तालिका नं. ३ लाई विश्लेषण गर्दाश्री शिशु विद्याश्रम माा.वि.मा शैक्षिक सामग्रीहरु अपर्याप्त रहेका भए पनि उचित संरक्षणको अभाव हुँदा न्यून मात्रा माात्रामा प्रयाोगमा अएको पाइयो । त्यसैगरी अर्को विद्यालय प्रगति मा.वि.मा शैक्षिक सामग्रीहरु पर्याप्त नभए पनि पालै पालो गरेर शिक्षकहरुले प्रयोग गर्ने गरेको पाइयो भने सौभाग्योदय मा.वि. र वसन्तावती मा.वि.मा शैक्षिक सामग्रीहरु अपर्याप्त रहेको र प्रयाोगमा खासै जाोड नदिएको देखियो ।

विद्यालयमा परिवर्तित पाठ्यक्रम अनुसार उचित शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गराउनका लागि शैक्षिक सामग्रीको अभाव रहेको तथ्य ४ वटै विद्यालयबाट जानकारी प्राप्त भएको छ । विद्यालयमा रहेको आर्थिक, समस्या, शिक्षकहरुको लगाव जस्ता कुराहरुले गर्दा शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन गरी अध्यापन गराउन असहज भएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त हुनुका साथै विद्यालय प्र.अ.बाट शैक्षिक सामग्रीको उपलब्धताका लागि प्रयास भए पनि प्रभावकारी नभएको भन्ने उत्तर समेत अध्ययनका २ वटा विद्यालयबाट जानकारी प्राप्त भएको छ ।

### ४.२.३ विद्यार्थी मूल्यांकन तथा कक्षोन्नती

परिवर्ति पाठ्यक्रम अनुसार विद्यार्थीको मूल्यांकन हुन सकेको छकि छैन? विद्यार्थीलाई कक्षोन्नती गर्दा के कसरी गरिएको छ भन्ने बारेमा विद्यालयमा गरिएको अवलोकन तथा विद्यालय प्र.अ.बाट प्राप्त भएको जानकारी अनुसार छनोटमा परेका ४ वटै विद्यालयमा विद्यार्थी मूल्यांकन पाठ्यक्रमले तोके अनुसार प्रभावकारी ढंगबाट भएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यार्थीको एक वर्षमा ३ वटा परीक्षा लिने, जसमा प्रथम त्रैमासिक १० प्रतिशत, दोस्रो ३० र तेस्रोमा ६० प्रतिशतमा परीक्षा लिने गरेको पाइयो । विद्यार्थीको प्रयोगात्मक मूल्यांकन गर्दा पनि पाठ्यक्रमले तोके अनुसारको विद्यार्थीको निरन्तर मूल्यांकन तथा उसले गरेको प्रयोगात्मक कार्यको आधारमा मूल्यांकन गर्ने गरेको पाइयो ।

टायलरको तार्किक सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउनका लागि हरेक विद्यालयका प्र.अ.हरु प्रयासरत रहेको पाइयो । विद्यालयको आर्थिक अवस्था, शैक्षिक सामग्रीको प्रयोग जस्ता कुराहरुले गर्दा पाठ्यक्रममा तोके अनुसार अध्यापन हुन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३ माध्यमिक तहमा परिवर्तित पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

कुनै पनि पाठ्यक्रम निर्धारण भइ सकेपछि उक्त पाठ्यक्रमलाई व्यहारमा उतार्नु नै प्रमुख क्रियाकलाप हुन आउँछ । किताबमा लेखिँदैमा र पाठ्यक्रम बन्दैमा सिकाइ

प्रभावकारी हुन्छ भनेर भन्न सकिँदैनमा पाठ्यक्रममा उल्लेख भए अनुसार सिकाइ हुन सकेको छ कि छैन ? पाठ्यक्रमको प्रयोगमा के कस्ता चुनौतीहरु रहेका छन् भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्राप्त गर्नु अति आवश्यक रहन्छ । यिनै कुरालाई दृष्टिगत परिवर्तित पाठ्यक्रमको प्रयोगमा देखिएका समस्याको बारेमा पहिचान गर्ने अभिप्रायले छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छलफल तथा अन्तरक्रिया गर्नुका साथै किन विद्यालयमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई प्र.अ.ले प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिरहेका छैनन् र कार्यान्वयनमा के के समस्या छन् भन्ने जस्ता कुरालाई निम्नानुसारको उपशीर्षकमा विश्लेषण गरिएको छ :

### ४.३.१ दक्ष शिक्षकको अभाव

छनोटमा परेका विद्यालयमा परिवर्तित पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा विद्यालयका शिक्षकहरुसँग गरिएको प्रश्नावलीबाट प्राप्त भएको तथ्य अनुसार पाठ्यक्रमा उल्लेख गरिए अनुसार शिक्षण गर्नका लागि धेरै जसो शिक्षकहरु पुराना शिक्षकहरु रहेको हुँदा परिवर्तित पाठ्यक्रम अनुसार परिमार्जित भएर अध्यापन गर्नका लागि असहज भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । अध्यापन गर्नका लागि शिक्षकहरु पाठ्यक्रम अनुसार परिमार्जन हुनाका लागि कार्य दक्षताको अभाव भएको हुँदा पाठ्यक्रममा उल्लेख भए अनुसार शिक्षण गर्न असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको छ ।

### ४.३.२ कमजोर आर्थिक अवस्था

माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.का के कस्ता कमी कमजोरी तथा समस्याहरु रहेका छन् किन विद्यालय प्र.अ.ले प्रभावकारी ढंगबाट पाठ्यक्रमलाई प्रयोग गर्न सकेका छैनन् यसमा के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि छनोटमा परेका विद्यालयका शिक्षक विद्यार्थी, अभिभावक तथा स्रोतव्यक्तिसँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार विद्यालयमा रहेको आर्थिक अवस्थाले सिकाइ क्रियाकलापमा प्रभावकारी भूमिका निर्वाह गर्ने तथ्य प्राप्त भएको थियो ।

### ४.३.३ जनचेतनाको अभाव

विद्यालयमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गर्नका लागि के कसरी अध्यापन गर्ने, परिवर्तित पाठ्यक्रमलाई के कसरी प्रभावकारी ढंगबाट प्रयोग गर्न सकिन्छ ? वर्तमान पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट प्रयोग गरी अध्यापन गर्नका विद्यार्थीलाई के कसरी मार्ग प्रसस्त गरेर अगाडि बढाउन सकिन्छ भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्रदान गर्नका लागि समय समयमा अभिभावकलाई पत्रचार गर्दा पनि १५ प्रतिशत अभिभावकहरु पनि विद्यालयमा उपस्थित नहुने जस्ता समस्याजन्य परिस्थितिले शिक्षण प्रक्रियालाई प्रभावकारी गराउनका लागि असहजता भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालय मध्ये ३वटा विद्यालयहरु (७५ प्रतिशत) बाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.४ शिक्षक विद्यार्थी र अभिभावक बिचको सुमधुर सम्बन्ध नहुनु

विद्यालयमा परिवर्तित पाठ्यक्रमको प्रयोग गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा गरिएको अन्तरक्रिया तथा अन्तरवर्ताका आधारमा प्राप्त तथ्य अनुसार विद्यालयमा शिक्षक विद्यार्थी र अभिभावक बिचको सम्बन्धको अभावले पनि

पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट प्रयोग गर्न असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । शिक्षकले आफूहरुले नजानेका कुराहरुमा हप्काउने, दण्ड सजाय दिने जस्ता कडा व्यहारहरु प्रदर्शन गर्नाले आफूहरुलाई खुलेर बोल्नका लागि असहजता हुने गरेको भन्ने जस्ता उत्तरहरु विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको थियो । विद्यार्थीहरुमा अभ्यास, गृहकार्य गर्ने बानी  घट्दै जानु, घरमा अभिभाभावकको निगरानी नपुग्नु र मोबाइल र फेसबुकको प्रयोग बढ्दै जानु अध्ययन र स्तर घट्दै जानुको कारण भएको शिक्षकहरुको धारणा रहेको पाइयो ।

### ४.३.५ शिक्षकमा तालिमको व्यवस्था गर्नुपर्ने

कुनै पनि पाठ्यक्रम परिमार्जन भए पश्चात तत्कालै शिक्षकहरुलाई पनि परिमार्जित पाठ्यक्रम अनुसार तालिमको व्यवस्था गर्नु आवश्यक रहन्छ । विद्यालयमा परिवर्तित पाठ्यक्रम भएर पनि शिक्षकहरुमा तालिमको अभाव भएको हुँदा पुरानै परिपाटी अनुसार अध्यापन गराउँदै आएको परिवर्तित  पाठ्यक्रम अनुसार शिक्षण हुन नसकेको भन्नेजस्ता उत्तरहरु विद्यालयका प्र.अ. तथा शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ । सिकइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रम कार्यान्वयन गर्नु पूर्वनै पाठ्यक्रममा उल्लेख गरिएका विषयवस्तुलाई के कसरी अध्यापन गर्ने र मूल्यांकन के कसरी गर्ने भन्ने बारेमा शिक्षकलाई तालिम प्रदान हुन नसक्दा परिवर्तित पाठ्यक्रममा उल्लेख भएका कतिपय विषयका पाठहरुका बारेमा शिक्षक अनभिज्ञ भएको भन्ने जस्ता उत्तरहरु प्राप्तभएको  छ ।

### ४.३.६ शिक्षकको पिरियडभार अधिक हुनु

वर्तमान पाठ्यक्रम नितान्त व्यवहारिक भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका ३ वटा अर्थात ७५ प्रतिशत विद्यालयबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा शिक्षकको संख्या कम भएका कारणले गर्दा कार्यरत शिक्षकलाई धेरै पिरिडभार राख्नु

पर्ने बाध्यात्मक अवस्था रहेको भन्ने जस्ता उत्तरहरु प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । शिक्षकहरुमा रहेको अधिक पिरियड भारले गर्दा पाठ्यक्रममा उल्लेख गरिए अनुसार विविध श्रव्य तथा दृश्यात्मक सामग्रीको प्रयोग गरेर, आफूहरुले पूर्व तयारी गरेर अध्यापन गर्नका लागि नसकि रहेको हुँदा सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसकेको भन्ने जस्ता उत्तरहरु शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा शिक्षकको पिरियणभारलाई कम गरेर परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गराउन विद्यालय प्र.अ. प्रयासरत नभएको भन्ने उत्तरहरु छनोटमा परेको एक वटा विद्यालय अर्थात् २५ प्रतिशत उत्तरदाताबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.७ शैक्षिक सामग्री पर्याप्त हुनुपर्ने

कुनै पनि विषयको शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । वर्तमान पाठ्यक्रम विशेष गरी जीवनोपयागी सीपका आधारमा आधारित भएको हुँदा परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गराउनका लागि शैक्षिक सामग्रीको भूमिका अधिक भएर पनि विद्यालयको आर्थिक अवस्था, अभिभावकमा जनचेतना जस्ता विविध पक्षहरुले गर्दा आवश्यक शैक्षिक सामग्री खरिद गरेर परिवर्तित पाठक्रम अनुसार प्रयोगात्मक गतिविधिका माध्यमबाट अध्यापन गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको

राल्फ टायलरको तार्किक सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा वर्तमान पाठ्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरु विश्लेषण गर्ने सन्दर्भमा गरिएको अध्यन अनुसन्धान अनुसार वर्तमन पाठ्यक्रम प्रभावकारी भएर पनि पाठ्यक्रममा उल्लेख भए अनुसार शिक्षण गर्नका लागि उपयुक्त भौतिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन तथा अन्य विविध व्यवस्थापकीय पक्षलाई प्र.ले प्रभावकारी विद्यालयको कमजोर आर्थिक अवस्था भएकै कारण पाठ्यक्रममा उल्लेख भए अनुसार कार्यान्वयन गर्न असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्तभएको छ ।

## ४.४ माध्यमिक तहमा परिवर्तित पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या निराकरणका उपायहरु

कुनै पनि पाठ्यक्रम निर्धारण भइ सकेपछि उक्त पाठ्यक्रमलाई व्यहारमा उतार्नु नै प्रमुख क्रियाकलाप हुन आउँछ । किताबमा लेखिँदैमा र पाठ्यक्रम बन्दैमा सिकाइ प्रभावकारी हुन्छ भनेर भन्न सकिँदैनमा पाठ्यक्रममा उल्लेख भए अनुसार सिकाइ हुन सकेको छ कि छैन ? पाठ्यक्रमको प्रयोगमा के कस्ता चुनौतीहरु रहेका छन् भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्राप्त गर्नु अति आवश्यक रहन्छ । यिनै कुरालाई दृष्टिगत परिवर्तित पाठ्यक्रमको प्रयोगमा देखिएका समस्याको बारेमा पहिचान गर्ने अभिप्रायले छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छलफल तथा अन्तरक्रिया गर्नुका साथै किन विद्यालयमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई प्र.अ.ले प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिरहेका छैनन् भन्ने जस्ता कुराहरुमा तथ्य प्राप्त गर्ने क्रममा अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्यांकहरुलाई निम्नानुसारका उप शीर्षकमा विश्लेषण गरिएको छ ।

### ४.४.१ शिक्षकको कार्य दक्षतामा अभिवृद्धि गर्नुपर्ने

कुनै पनि विषयवस्तुको शिक्षणका लागि अध्यापन गर्ने शिक्षकको कार्यदक्षताले सिकाइ क्रियाकलापमा प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । छनोटमा परेका विद्यालयमा परिवर्तित पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा विद्यालयका शिक्षकहरुसँग गरिएको प्रश्नावलीबाट प्राप्त भएको तथ्य अनुसार पाठ्यक्रमा उल्लेख गरिए अनुसार शिक्षण गर्नका लागि धेरै जसो शिक्षकहरु पुराना शिक्षकहरु रहेको हुँदा परिवर्तित पाठ्यक्रम अनुसार परिमार्जित भएर अध्यापन गर्नका लागि असहज भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । अध्यापन गर्नका लागि शिक्षकहरु पाठ्यक्रम अनुसार परिमार्जन हुनाका लागि कार्य दक्षताको अभाव भएको हुँदा पाठ्यक्रममा

उल्लेख भए अनुसार शिक्षण गर्न असहजता भएको भन्ने प्राप्त भएको हुँदा भोलिका दिनमा शिक्षकमा कार्य दक्षता अभिवृद्धि भएका खण्डमा परिवर्तित पाठ्यक्रमलाई थप प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकिने देखिन्छ ।

### ४.४.२ आर्थिक अवस्थालाई प्रभावकारी बनानु

माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.का के कस्ता कमी कमजोरी तथा समस्याहरु रहेका छन् किन विद्यालय प्र.अ.ले प्रभावकारी ढंगबाट पाठ्यक्रमलाई प्रयोग गर्न सकेका छैनन् यसमा के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि छनोटमा परेका विद्यालयका शिक्षक विद्यार्थी, अभिभावक तथा स्रोतव्यक्तिसँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार विद्यालयमा रहेको आर्थिक अवस्थाले सिकाइ क्रियाकलापमा प्रभावकारी भूमिका निर्वाह गर्ने तथ्य प्राप्त भएको थियो । भोलिका दिनमा विद्यालयको आर्थिक अवस्थालाई थप सुधार गरेर लैजान सकेका खण्डमा परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा देखिएका समस्या निराकरणमा सहजता हुन सक्दछ भन्ने जस्ता उत्तरहरु विद्यालयका प्र.अ. तथा शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ ।

### ४.४.३ जनचेतना जगाउनु पर्ने

विद्यालयमा माध्यमिक तहको परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गर्नका लागि के कसरी अध्यापन गर्ने, परिवर्तित पाठ्यक्रमलाई के कसरी प्रभावकारी ढंगबाट प्रयोग गर्न सकिन्छ ? वर्तमान पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट प्रयोग गरी अध्यापन गर्नका विद्यार्थीलाई के कसरी मार्ग प्रसस्त गरेर अगाडि बढाउन सकिन्छ भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्रदान गर्नका लागि समय समयमा अभिभावकलाई पत्रचार गर्दा पनि १५ प्रतिशत अभिभावकहरु पनि विद्यालयमा उपस्थित नहुने जस्ता समस्याजन्य परिस्थितिले शिक्षण प्रक्रियालाई प्रभावकारी गराउनका लागि असहजता

भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालय मध्ये ३वटा विद्यालयहरु (७५ प्रतिशत) बाट जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी छनोटमापरेको १ वटा विद्यालयमा पनि विद्यालयमा अभिभावकहरुलाई बोलाउँदा उपस्थित नहुनुका साथै के कसरी शैक्षिक प्रक्रियालाई अगाडि बढाउने भन्ने कुरामा कुनै पनि चासो नदेखाउने गरेको हुँदा परिवर्तित पाठ्यक्रम अनुसार विद्यार्थीहरुलाई शिक्षण गर्नका लागि असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । अध्ययनका क्रममा विद्यालय प्र.अ.हरुबाट प्राप्त भएको जानकारी अनुसार अभिभावकमा आधारित रहेको विद्यालयमा अभिभावक नै निष्कृय रहँदा शिक्षा मन्त्रालयले जतिसुकै राम्रो पाठ्यक्रम तयर गरेर कार्यान्वयनका लागि जिम्मा दिए पनि त्यो प्रभावकारी ढंगबाट कार्यान्वयन हुन नसक्ने भन्ने उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको हुँदा भोलिका दिनमा अभिभावकलाई शिक्षाको महत्वका बारेमा जानकारी प्रदान गरी अभिभावकलाई शिक्षाप्रति सजग गराउन सकेको खण्डमा उनीहरुको शिक्षाप्रतिको चासो वृद्धि हुनुका साथै विद्यालयमा शैक्षिक गुणस्तर के कसरी वृद्धि गर्ने भन्नेमा समेत ध्यानाकर्षण हुन गई परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि थप सहयोग पुग्ने देखिन्छ।

### ४.४.४ शिक्षक विद्यार्थी र अभिभावक बिचको सम्बन्ध

विद्यालयमा परिवर्तित पाठ्यक्रमको प्रयोग गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा गरिएको अन्तरक्रिया तथा अन्तरवर्ताका आधारमा प्राप्त तथ्य अनुसार विद्यालयमा शिक्षक विद्यार्थी र अभिभावक बिचको सम्बन्धको अभावले पनि पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट प्रयोग गर्न असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । शिक्षकले आफूहरुले नजानेका कुराहरुमा हप्काउने, दण्ड सजाय दिने जस्ता कडा व्यहारहरु प्रदर्शन गर्नाले आफूहरुलाई खुलेर बोल्नका लागि असहजता हुने गरेको भन्ने जस्ता उत्तरहरु विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको थियो ।

विद्यार्थीहरुमा अभ्यास, गृहकार्य गर्ने बानी घट्दै जानु, घरमा अभिभाभावकको निगरानी नपुग्नु र मोबाइल र फेसबुकको प्रयोग बढ्दै जानु अध्ययन र स्तर घट्दै जानुको कारण भएको शिक्षकहरुको धारणा रहेको पाइयो । भोलिका दिनमा पाठ्यक्रमलाई थप प्रभावकारी गराउनका लागि शिक्षक, विद्यार्थी र अभिभावक विचको सम्बन्धलाई थप प्रभावकारी बनाउनका साथै उनीहरुमा अपनत्वको भावना सृजना गर्नु आवश्यक रहेको देखिन्छ ।

### ४.४.५ शिक्षकमा तालिमको व्यवस्था गर्नुपर्ने

कुनै पनि पाठ्यक्रम परिमार्जन भए पश्चात तत्कालै शिक्षकहरुलाई पनि परिमार्जित पाठ्यक्रम अनुसार तालिमको व्यवस्था गर्नु आवश्यक रहन्छ । विद्यालयमा परिवर्तित पाठ्यक्रम भएर पनि शिक्षकहरुमा तालिमको अभाव भएको हुँदा पुरानै परिपाटी अनुसार अध्यापन गराउँदै आएको परिवर्तित पाठ्यक्रम अनुसार शिक्षण हुन नसकेको भन्नेजस्ता उत्तरहरु विद्यालयका प्र.अ. तथा शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ । सिकइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रम कार्यान्वयन गर्नु पूर्वनै पाठ्यक्रममा उल्लेख गरिएका विषयवस्तुलाई के कसरी अध्यापन गर्ने र मूल्यांकन के कसरी गर्ने भन्ने बारेमा शिक्षकलाई तालिम प्रदान हुन नसक्दा परिवर्तित पाठ्यक्रममा उल्लेख भएका कतिपय विषयका पाठहरुका बारेमा शिक्षक अनभिज्ञ भएको भन्ने जस्ता उत्तरहरु प्राप्त हुनुका साथै भोलिका दिनमा शिक्षकलाई विषयवस्तु प्रति तालिम प्रदान गरेर अध्यापन गराउन लगाउन सकेका खण्डमा पाठ्यक्रम कार्यान्वयनमा थप सहयोग पुग्न सक्ने भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.४.६ शिक्षकको पिरियड भार काम गर्नुपर्ने

वर्तमान पाठ्यक्रम नितान्त व्यवहारिक भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका ३ वटा अर्थात ७५ प्रतिशत विद्यालयबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा शिक्षकको संख्या कम भएका कारणले गर्दा कार्यरत शिक्षकलाई धेरै पिरिडभार राख्नु पर्ने बाध्यात्मक अवस्था रहेको भन्ने जस्ता उत्तरहरु प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । शिक्षकहरुमा रहेको अधिक पिरियड भारले गर्दा पाठ्यक्रममा उल्लेख गरिए अनुसार विविध श्रव्य तथा दृश्यात्मक सामग्रीको प्रयोग गरेर, आफूहरुले पूर्व तयारी गरेर अध्यापन गर्नका लागि नसकि रहेको हुँदा सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसकेको भन्ने जस्ता उत्तरहरु शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा शिक्षकको पिरियणभारलाई कम गरेर परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गराउन विद्यालय प्र.अ. प्रयासरत नभएको भन्ने उत्तरहरु छनोटमा परेको एक वटा विद्यालय अर्थात् २५ प्रतिशत उत्तरदाताबाट जानकारी प्राप्त भएको थियो । भोलिका दिनमा के कस्ता क्रियाकलाप गर्न सकेका खण्डमा परिवर्तित पाठ्यक्रमको कार्यान्वयन थप प्रभावकारी हुन सक्छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार प्र.अ.ले शिक्षकको पिरियणभार कम गरी पाठ्यक्रम अनुसार अध्यापपन गर्नका लागि तयारी गर्ने अवसर प्रदान गर्न सकेका खण्डमा परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा थप सहयोग पुग्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.४.७ शैक्षिक सामग्री पर्याप्त हुनुपर्ने

कुनै पनि विषयको शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । वर्तमान पाठ्यक्रम विशेष गरी जीवनोपयागी सीपका आधारमा आधारित भएको हुँदा परिवर्तित पाठ्यक्रम अनुसार अध्यापन गराउनका लागि शैक्षिक सामग्रीको भूमिका अधिक भएर पनि विद्यालयको आर्थिक अवस्था, अभिभावकमा

जनचेतना जस्ता विविध पक्षहरुले गर्दा आवश्यक शैक्षिक सामग्री खरिद गरेर परिवर्तित पाठक्रम अनुसार प्रयोगात्मक गतिविधिका माध्यमबाट अध्यापन गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु प्राप्त हुनुका साथै पाठ्यक्रमले तोके अनुसारका शैक्षिक सामग्रीको व्यवस्थापनमा विद्यालय प्र.अ. तथा सम्बन्धित सरोकारवाला पक्षबाट भूमिका निर्वाह हुन सकेका खण्डमा पाठ्यक्रम कार्यान्वयनको अवस्था थप प्रभावकारी हुन सक्ने भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ।

राल्फ टायलरको तार्किक सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा वर्तमान पाठ्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरुलाई के कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने सन्दर्भमा गरिएको अध्यन अनुसन्धान अनुसार वर्तमन पाठ्यक्रम प्रभावकारी भएर पनि पाठ्यक्रममा उल्लेख भए अनुसार शिक्षण गर्नका लागि उपयुक्त भौतिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन तथा अन्य विविध व्यवस्थापकीय पक्षलाई प्र.ले प्रभावकारी विद्यालयको कमजोर आर्थिक अवस्था भएकै कारण पाठ्यक्रममा उल्लेख भए अनुसार कार्यान्वयन गर्न असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्त हुनुका साथै भोलिका दिनमा विद्यालयको आर्थिक अवस्थामा सुधार गरेर आवश्यक अर्थ संकलन गर्न सकेका खण्डमा शैक्षिक सामग्री व्यवस्थापन, भौतिक व्यवस्थापन जस्ता क्रियाकलापमा थप सहयोग पुग्न गइ पाठ्यक्रमले तोके अनुसार कार्यान्वयन गर्न सहजता रहने भन्ने जस्ता उत्तरहरु  समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ।

त्यसैगरी पाठ्यक्रमलाई के कसरी कार्यान्वयन गर्ने भन्ने सन्दर्भमा अभिभावकमा जनचेतना जगाउउनुका साथै, पेशाप्रति शिक्षकलाई प्रोत्साहन, शैक्षिक सामग्रीको पर्याप्त मात्रामा प्रयोग तथा व्यवस्थापन, शिक्षकलाइ तालिम प्रदान जस्ता क्रियाकलाप गर्न सकेका खण्डमा परिवर्तित पाठ्यक्रमलाई थप प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिन्छ भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ।

# अध्याय : पाँच

# निष्कर्ष तथा सुझावहरु

माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.को भूमिका अध्ययन शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रमा शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि छनोटमा परेका अध्ययन स्थलबाट प्राप्त तथ्यलाई व्याख्या एवम् विश्लेषण गरी उक्त व्याख्या विश्लेषणका आधारमा निष्कर्ष प्रस्तुत गर्नुका साथै भोलिका दिनमा सुधार गर्नु पर्ने पक्षहरुसमेतलाई  निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनमा प्र.अ.को भूमिका अध्ययन शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रलाई माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउनु,  माध्यमिक तहमा पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्र.अ.ले निर्वाह गर्दै आएको भूमिकाको विश्लेषण गर्नु, माध्यमिक तहमा परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्दा देखिएका समस्याहरुको पहिचान गर्नु , माध्यमिक तहको पाठ्यक्रम कार्यान्वयन गर्दा देखिएका समस्याहरुको निराकरणका उपायहरु खोजी गर्नु  जस्ता उद्देश्यमा केन्द्रित गरिएको छ ।

राल्फ टायलरको तार्किक सिद्धान्तलाई आधार मानेर तयार पारिएकोप्रस्तुत अध्ययन लमजुङ जिल्ला धमिली कुवा श्रोतकेन्द्र अन्तर्गत रहेका जम्मा २५ वटा विद्यालयहरु मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा शिशु विद्याश्रम मा.वि.,तिनपिप्ले, प्रगति मा.वि. विद्यालय, सिम्ले, शौभाग्योदय मा.वि. अल्काटार र वसन्तावती मा.वि विरौटा गरी जम्मा ४ वटा विद्यालयमा मात्र केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्र मध्यन मुलतः गुणात्मक ढाँचाको रहेको हुँदा गुणात्मक ढाँचा अनुसार विवरणात्मक तवरबाट प्राप्त तथ्यको व्याख्या एवम् विश्लेषण गरिनुका साथै आवश्यक तथ्यांकलाई तालीकीकरण गरेर विश्लेषण गरिएको छ ।

राल्फ टायलरको सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा छनोटमा परेका विद्यालयहरुमा नयाँ पाठ्यक्रमको वर्तमान अवस्थालाई हेर्दा भर्खरै मात्र कक्षा ९ मा नयाँ पाठ्यक्रम अनुसार अध्यापन हुँदै गरेको पाइयो । नयाँ पाठ्यक्रम अनुसार सिकाइ गर्दा सिकाइ क्रियाकलाप प्रभावकारी भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको थियो । नयाँ पाठ्यक्रम सिकारु केन्द्रित विधिमा आधारित हुनुका साथै प्रयोगात्मक पाठ्यभार समेत समावेश गरिएको हुँदा विद्यार्थीको प्रयोगात्मक ज्ञानको विकास गराउनका लागि सहज हुने भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षकहरुसँगको अन्तरवार्ता प्रश्नावलीका आधारमा तथ्य प्राप्त भएको थियो ।

## ५.२ सुझावहरु

माध्यमिकतहको परिवर्तित पाठ्यक्रम नामक शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको अध्ययनका क्रममा प्राप्त तथ्य अनुसार भोलिका दिनमा विद्यार्थी केन्द्रित विधिलाई थप प्रभावकारी बनाउनका लागि अनुसन्धान तह, नीति निर्माण तह र कार्यान्वयन तहका लागि निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीति निर्माण तह

माध्यमिकतहमा नयाँ पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको भन्ने जस्ता जानकारी अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका शिक्षक विद्यार्थी एवम् अभिभावकबाट जानकारीप्राप्त भएको हुँदा भोलिका दिनमा सरकारी तवरबाट माध्यमिक पाठ्यक्रममा उल्लेख भएका विषय अनुसार शिक्षक दरबन्दी दिने नीति

सरकारी तवरबाट हुन सकेका खण्डमा दक्ष शिक्षकबाट अध्यापन हुन गई वर्तमान पाठ्यक्रमलाई पूर्ण रुपमा प्रयोग गर्नका लागि थप सहयोग पुग्ने देखिन्छ । पुराना शिक्षकहरु भएको र प्रभावकारी तालिमको अभाव भएका कारण पाठ्यक्रम जति प्रभावकारी भए पनि कार्यान्वयन गर्नका लागि असहजता भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारीप्राप्त भएको हुँदा सरकारी तवरबाट शिक्षकहरुलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गर्नुका साथै सूचना तथा प्रविधिको प्रयोग सम्बन्धि तालिम दिने नीति चयन हुने गरेको खण्डमा पाठ्यक्रममा तोकिए अनुसार शिक्षण गर्नका लागि सहजता हुने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षा मन्त्रालयबाट तय गरीएका नीति नियम अनुसार कार्यान्वयन हुन सकेको छ कि छैन ? कार्यान्वयन नहुनुका कारणहरु के के हुन सक्दछन् भन्ने बारेमा जिल्ला शिक्षा कार्यालय बाट वि.नि तथा स्रोतकेन्द्रबाट स्रोतव्यक्ति समय सयमा विद्यालयमा उपस्थित भएर छलफल, अन्तरक्रिया तथा सुझावहरु दिनु आवश्यक रहेको देखिन्छ । विद्यालयमा शिक्षकहरुले आफूहरुले पाएको तालिमको उचित उपयोग गरेका छन् कि छैनन् ? शिक्षकहरुका के कस्ता समस्या रहेका छन् ? शिक्षकका के कस्ता कमी कमजोरीले गर्दा पाठ्यक्रमको उचित प्रयोग हुन सकेको छैन ? भन्ने जस्ता कुराहरुमा निरिक्षण तथा अनुगमन गरी शिक्षकलाई सुझाव प्रस्तुत गर्न सकेका खण्डभा शिक्षकहरु आफ्नो कार्यमा दत्तचित्त भएर लाग्ने र वर्तमान पाठ्यक्रमको प्रयोगमा थप सहयोग पुग्ने देखिन्छ ।

विद्यालयमा के कस्ता समस्या छन् ? भौतिक सामग्री के कसरी व्यवस्थापन गर्नु पर्दछ भन्ने बमारेमा उचित ध्यानाकर्षण गरी प्र.अ. तथा व्यवस्थापन समितिबाट विभिन्न स्रोत संकलन गरी विद्यालयलाई आर्थिक रुपमा सबल बनाएर शैक्षिक सामग्रीको

व्यवस्था गर्ने तथा विद्यार्थीको उमेर अनुसारको उचित भौतिक व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप गर्न सकेका खण्डमा भोलिका दिनमा वर्तमान पाठ्यक्रमलाई प्रभावकारी ढंगबाट कक्षाकोठामा प्रयोग गर्नका लागि थप सहयोग पुग्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि

भोलिका दिनमा अध्ययन गर्न चाहने भावि अनुसन्धानकर्ताहरुले वर्तमान पाठ्यक्रमले विद्यार्थीको जीवनमा पार्ने प्रभाव, वर्तमान पाठ्यक्रम र शैक्षिक उपलब्धि जस्ता शीर्षकहरुमा अध्ययन अनुसन्धान गरी विद्यालयमा वर्तमान पाठ्यक्रम लाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नमा देखिएका समस्याहरुमा बारेमा सुझाव स्वरुप पेश गर्न सकेका खण्डमा विद्यालयमा पाठ्यक्रमको कार्यान्वयन गर्नमा थप सहयोग पुग्ने देखिन्छ ।

## सन्दर्भ सामाग्रीहरु


ओझा, बालचन्द्र (२०७३),***विद्यालयमा पाठ्यक्रमको प्रयोगका आधारहरु,*** www. hamrokhabar.com.np., 25 feburary retrieved, 2016.

कट्टेल, बालचन्द्र (२०६५), ***पाठ्यक्रम अध्ययन***, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

खतिवडा, रामप्रसाद (२०७२), ***पाठ्यक्रमको महत्व र आवश्यकता,*** www. hamrokhabar. com.np. 29 August 2016.25 feburary retrieved, 2016.

पोखेल इश्वरी प्रसाद (२०७३), ***सामुदायिक विद्यालयका प्र.अ.को नेतृत्व क्षमताको पहिचान*** http://www.edukhabar.com/index.php. retrived in 20 May 2017,

***पाठ्यक्रम विकास केन्द्र (२०६४),*** काठमाडौं : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

**माध्यमिक तहको पाठ्यक्रम (२०६३)** काठमाडौं : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

**माध्यमिक तहको पाठ्यक्रम (२०७२)** काठमाडौं : नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

*निउरे, ध्रुवराज* (२०६८) ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौं : सनलाइट पब्लिकेशन ।

शर्मा,युवराज(२०७१) ***पाठ्यक्रको परिचय र महत्व,*** दाङ : युगबोध राष्ट्रिय दैनिक ।

शर्मा एण्ड शर्मा (२०५५), ***शिक्षाको दर्शनशास्त्रीय समाजशास्त्रीय आधार,*** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा एण्ड शर्मा (२०६१), ***शिक्षाको दर्शनशास्त्रीय समाजशास्त्रीय आधार,*** काठमाडौं : एम.के पब्लिकेशन ।

शर्मा एण्ड शर्मा (२०६४), ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा (२०६२), ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ चन्द्रबहादुर र अन्य (२०६६), ***शैक्षिक मनोविज्ञान,*** काठमाडौँ : भुँडिपुराड प्रकाशन ।

सापकोटा होमनाथ, (२०६७), ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौँ : भुडिपुराण प्रकाशन ।

Petter, Aruuld (1998), *Education Moment and the Curriculum,* New York :*The Falmer press.*

Speid, We (1989), *Curriculum Foundation principles* USA :*Modern Press, reterivecd in 29 August 2016.*

# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता**

**शाोधसार**

**विषय सूची**

## अध्याय एक

## परिचय

१.१ अध्ययनको पृष्ठभुमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको महत्व ५

१.४ अध्ययनको उद्देश्य ६

१.५ अनुसन्धान प्रश्न ६

१.६ अध्ययनको परिसीमा ७

## अध्याय दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाँका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२. सैद्धान्तिक खाका १२

२.३ अध्ययनको अवधारणात्मक खाका १४

२.४. पुनरावलोकनको शैक्षिक उपादेयता १२

## परिच्छेद : तीन

## अध्ययन विधि

३.१. अनुसन्धान ढाँचा १६

३.२. अध्ययनको जनसंख्या र नमुना छनोट १६

३.३. तथ्याङ्क संकलनका साधानहरु १७

३.४ तथ्यांक संकलनका स्रोतहरु १८

३.५ तथ्याङ्कको विश्लेषण प्रक्रिया १९

## परिच्छेद चार

## तथ्यांकको व्याख्या तथा विश्लेषण

४.१ माध्यमिक तहको परिवर्तित पाठ्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था २१

४.२ माध्यमिक तहको परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा प्र.अ.ले निर्वाह गर्दै आएका भूमिकाहरु २१

४.३ माध्यमिक तहमा परिवर्तित पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु २१

४.४ माध्यमिक तहमा परिवर्तित पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या निराकरणका उपायहरु २१

## अध्यायः पाँच

## निष्कर्ष तथा सुझावहरु

५.१ निष्कर्ष

५.२ सुझावहरु

५.२.१ नीति निर्माण तह

५.२.२ कार्यान्वयन तह

५.२.३ अनुसन्धान तहका लागि

**सन्दर्भग्रन्थ**

**अनुसूचीहरु**

**तालिका १तथ्यांक संकलनका लागि छनोट गरिएको जनसंख्या विवरण**

| क.स. | विवरण | जम्मा जनसंख्या | छनोट जनसंख्या | छनोट तरिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | १७ | १ | उद्देश्यमूलक | |
| २ | विद्यालय | ३२ | ४ | गोला प्रथा | |
| ३ | प्र.अ. | ४ | ४ | उद्देश्यमुलक | |
| ४ | शिक्षक | ९७ | ८ | सम्भावनारहित नमुना छनोट | |
| ५ | वि.व्य.स. अध्यक्ष | ४ | ४ | उद्देश्यमूलक | |
| ६ | विद्यार्थी | १९५० | २० | सम्भावना रहीत नमुना छनोट | |
| ७ | स्रोतव्यक्ति | १ | १ | उद्देश्यमुलक | |
| ८ | अभिभावक | | ८ | उद्देश्यमूलक | |
| जम्मा | | | ४५ | | |